छलफल एवं निर्णयहरु

१. राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरुको संयोजकत्वमा समूहहरु गठन गरी हालैको भूकम्पले पुऱ्याएको क्षतिको आंकलन गरी पुर्नःस्थापना र पुनः निर्माणको योजना बनाउने उद्देश्यले भुकम्प प्रभावित विभिन्न जिल्लाहरुमा भ्रमण गर्ने निर्णय गरियो ।

२. राष्ट्रिय योजना आयोगको सचिवालय बसेको सिंहदरवार मूल भवनमा पनि भूकम्पबाट क्षति पुग्न गएको हुँदा बैकल्पिक कार्यकक्षहरु व्यवस्था गर्नु पर्ने भएकोले के कति कार्यकक्षहरु बस्न योग्य छन् प्रमाणित गरि दिन सिंहदरवार पुनःनिर्माण समितिलाई लेखि पठाउने निर्णय गरियो ।

३. हालै गएको भूकम्पबाट भएको क्षतिको उद्धार एवं राहत वितरण कार्यमा सहयोग पुऱ्याउन हिमालयन क्लाइमेट चेन्ज इनिसियटिभ (Hialayan Claimate Change Initiative) ले आफ्ना २०,००० स्वयं सेवकहरु परिचालन गर्ने चाहना सहित स्वीकृतिका लागि अनुरोध गरेको हुंदा आयोगको संयोजकत्वमा रहने गरी उक्त संस्थालाई राष्ट्रिय योजना आयोग अन्तरगतको राष्ट्रिय विकास स्वयं सेवकका निर्देशकद्वारा प्रमाणित लोगो प्रयोग गर्न दिने निर्णय गरियो ।

४. क्षतिको अनुमान, पुर्नःस्थापन तथा पुनःनिर्माण सम्बन्धी कार्यको संयोजन राष्ट्रिय योजना आयोगबाट शुरु गरिएको हुंदा द्विपक्षीय र बहुपक्षीय दातृ संस्थाहरुबाट पनि यस्तो कार्य हुन गई रहेको भए वा गर्ने प्रस्ताव भै आएमा यस आयोगमा अनिवार्य रुपमा सम्पर्क र समन्वय गर्नु पर्ने व्यहोराको जानकारी उल्लेखित दुवै प्रकारका दातृ संस्थाहरुलाई गराई दिन अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई लेखि पठाउने निर्णय गरियो ।